# इस्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


प.सं.०७९।८०
च.न.:

सूचना नं २५

इस्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इस्मा रजस्थल, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

सूचना प्रकाशन मिति: २०७९।०५।३०

## स्वयम् सेवक शिक्षक पदपूर्ती गर्ने सम्बन्धी सूचना

यस गाउँपालिकाको स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि-२०७९ मा भएको व्यवस्था बमोजिम गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयमा विभिन्न कारणले आशिंक रुपमा रिक्त हुने देहायका पदमा करार सेवा लिने प्रयोजनका लागि कार्यविधिमा तोकिएको आधारमा खुला प्रतियोगितात्मक परीक्षाका माध्यमद्वारा पदपूर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका इस्मा गाउँपालिका स्थायी बासी इच्छुक उम्मेद्वारबाट सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व बुझाएको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या | आवेदन दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०७९/८०-०६ | प्राथमिक तह शिक्षक | १० | रु. ७०० | |
| २. | ०७९/८०-०७ | प्रारम्भिक वाल विकास शिक्षक | १० | रु. ५०० | |
| ३. | ०७९/८०-०८ | विद्यालय सहायक | ३ | रु. ५०० | |

**१. आवश्यक न्यूनतम योग्यता:**

क. **प्राथमिक तहको स्वयम् सेवक शिक्षक** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उर्त्तीण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि।

ख. **प्रारम्भिक वाल विकास शिक्षक** पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC वा SEE उर्त्तीण गरेको प्रमाणपत्रको प्रतिलिपि।

ग. **विद्यालय सहायक** पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट जुनसुकै संकायमा गणित वा अर्थशास्त्र मूल विषय लिई प्रविणता प्रमाणपत्र तह उर्त्तीण गरेको प्रमाणपत्रको प्रतिलिपि।

घ. नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

ङ. दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको ।

च. उम्मेद्वार हुन तोकिएका अन्य प्रमाणित कागजातको प्रतिलिपि।

२. **दरखास्त दिने स्थान:** इस्मा गाउँ कार्यपालिकाको कार्यालय, इस्मा रजस्थल, गुल्मी।

३. **दरखास्त दिने अन्तिम मिति:** २०७९।०६।१३ गतेसम्म कार्यालय समयसम्म मात्र।

४. **परीक्षाको किसिम:** लिखित र अन्तर्वार्ता।

५. **परीक्षा संचालन हुने मिति:** दरखास्त दिने अन्तिम मिति पश्चात प्रकाशन गरिनेछ।

६. **सेवा शर्त तथा सुविधा:** कार्यविधिमा व्यवस्था भएबमोजिम।

७. **दरखास्त संकलन, रुजु र स्वीकृत गरी प्रवेशपत्र वितरण:** गाउँ कार्यपालिकाको कार्यालयबाट गरिने छ।

२०७९।५।३०

नारायण महत
नि.प्रमुख प्रशासकीय अधिकृत